# कस्टम हायरीङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधी, २०७७

'कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि , २०७६' (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा (२) वमोजिम श्री भूमि व्यवस्था लयकृषि तथा सहकारी मन्त्रा (मन्त्रिस्तरीय निर्णय) वाट तत्काल लागू हुने गरी यो मापदण्ड तथा कार्य संचालन विधि स्वीकृत गरिएको छ।

१. **परिभाषा** :

'कस्टम हायरीङ्ग सेन्टर' भन्नाले कृषि यन्त्रको उपलब्धता तथा प्रयोग प्रवर्द्धन गर्न बाली/वस्तुका लागि उत्पादन देखि भण्डारण पूर्व सम्मका कृषि कर्मका लागि आवश्यक पर्ने सबै प्रकारका कृषि औजार, यन्त्र, उपकरण तथा मेशिनरीहरुको सेट सहुलियत भाडामा उपलब्ध गराउने केन्द्र सम्झनु पर्दछ।

२. **उद्देश्य** :

कृषि कार्यमा श्रममाथींको निर्भरता क्रमशः घटाउन कृषि यन्त्रको सहज र सुलभ उपलब्धता तथा प्रयोग प्रवर्द्धन गर्नका लागि कृषि यान्त्रिकीकरण केन्द्र स्थापना तथा संचालन कार्यमा टेवा पुर्याउनु ।

३. **अनुदानग्राहीको किसिम** : कस्टम हायरीङ्ग सेन्टर स्थापनाका लागि कम्तीमा ५ कठ्ठा जग्गा तथा लागत सहभागीता वापतको रकम सुनिश्चित गरेका देहायका अनुदानग्राही हुन सक्नेछन्।

(क) स्थानिय तहः लागत साझेदारीमा कस्टम हायरीङ्ग सेन्टर स्थापना गर्न वजेट विनियोजन गरेका वा गर्न प्रतिवद्ध पालिकाहरु ।

(ख) सहकारी संस्थाः प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरुवाट वाली उत्पादन गराई खरिद कार्य गरी रहेका सहकारी संस्था।

(ग) कृषिजन्य उद्योग : प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरुवाट वाली उत्पादन गराई खरिद गर्ने उद्योग, जस्तै- खाद्यान्न मिल, चिनी मिल आदी।

४. कस्टम हायरीङ्ग सेन्टर स्थापना लागि आवश्यक पूर्वाधारहरुः (१) कस्टम हायरीङ्ग सेन्टर स्थापना गर्न ईच्छुक स्थानीय तह/सहकारी संस्था/ कृषिजन्य उद्योगले केन्द्र स्थापनाका लागि देहायका सेवा/सुबिधा/पूर्वाधार भएको स्थान उपलब्ध गराउनु पर्नेछ ।

(क) कृषकहरुलाई सकभर पायक पर्ने स्थानमा कस्टम हायरीङ्ग सेन्टर स्थापनाका लागि आवश्यक घर/टहरा र जग्गा सम्बन्धित प्रस्तावकले उपलब्ध गराउनु पर्नेछ ।

(ख) कस्टम हायरीङ्ग सेन्टर स्थापना गर्ने प्रस्तावित जग्गा प्रस्तावकको स्वामित्वको हुनु पर्नेछ। सो नभएमा कम्तिमा १५ बर्ष अवधिका लागि प्रचलित कानुन बमोजिम भाडामा लिएको हुनु पर्नेछ।

(घ) कस्टम हायरीङ्ग सेन्टरबाट सेवा सुविधा प्रयोग हुने स्थानसम्म यन्त्र, उपकरणहरुको सहज आवागमन हुन सक्ने अवस्था हुनुपर्नेछ ।

(ङ) कृषि यन्त्रहरुको मरम्मत सम्भारको लागी दक्ष जनशक्ति तथा सुरक्षा बन्दोवस्त अनुदानग्राहीले गर्नु पर्नेछ।

(च) विद्युतको उपलब्धता भएको वा हुन सक्ने हुन पर्नेछ।

५. सूचना प्रकाशन र सकलनः (१) कार्यालयले कम्तिमा २१ दिन म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी तोकिएको ढांचामा आवेदन/प्रस्ताव माग गर्नु पर्नेछ। उक्त म्याद भित्र पर्याप्त आवेदन/प्रस्ताव

प्रदेश सरकार

शैलेन्द्र प्रसाद साह

पेश हुन नआएमा पुनः ७ दिनको म्याद थप गरि सूचना प्रकाशन गर्नु पर्नेछ। उक्त थप म्याद भित्र जति सुकै संख्यामा आवेदन/प्रस्ताव संकलन भएपनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

(२) सूचनाको जानकारी स्थानिय तहलाई समेत गराउनु पर्नेछ।

६. **प्रस्तावको ढांचा र संलग्न गर्नु पर्ने कागजातहरुः** (१) प्रस्तावकले कस्टम हायरीङ्ग सेन्टर स्थापना गर्न फारम नं. १ बमोजिम देहायका कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

(क) अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसगरी)।

(ख) कृषि उद्योगको हकमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र। सहकारी संस्थाको हकमा संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण तथा कर चुक्ता (पछिल्लो २ आ. व. सम्मको), आ. व. २०७६/७७ को कर चुक्ता नभएको हकमा आ. व. २०७५/७६ को कर चुक्ता र कर वुझाउने म्याद थप भएको स्व-प्रमाणित प्रतिलिपीहरु ।

(ग) कस्टम हायरिग सेन्टरको लागी जग्गा (कम्तिमा ५कठ्ठा) आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने आधिकारिक भाडाका कागजपत्रहरु, जग्गाधनीको कित्ता नं खुलेको विवरण र कागजात।

(घ) कस्टम हायरिंग सेन्टरको लागी चाहिने उपकरणको कृषि ईन्जिनियर वा मेकानिकल ईन्जिनियरवाट तयार गरिएको प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र श्रोत खुलाउनु पर्ने ।

(ङ) स्थानिय तह वा कृषिजन्य उधोगको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।

(च) कस्टम हायरिंग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस।

(छ) प्रस्तावित स्थलमा कस्टम हायरिंग सेन्टरको निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र।

(२) स्थलगत निरीक्षणबाट उपयुक्त ठहरिएका प्रस्तावकहरुसंग थप विवरण र कागजात मांग गर्न सकिनेछ।

७. **प्रस्ताव जाँच र मुल्याङ्कनः** (१) सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम कार्यालयले गठन गरेको मुल्यांकन समितिले दर्ता भएका प्रस्तावहरु पूर्ण भए/नभएको जाँच गरी रित पुगेका आवेदनहरुको सूचि तयार गरी सोको अनुसुची ३ अनुसार मुल्याङ्कन गर्नेछ।

(२) मुल्याङ्कन समितिले रीत पुगेका प्रस्तावहरुको स्थलगत निरिक्षण समेतका आधारमा मुल्याङ्कन गर्नेछ।

(३) प्रस्तावहरुको मुल्यांकन बमोजिम उच्चतम अंक प्राप्त गर्ने प्रस्तावहरुको छनौट सुचि तयार गरी (कम्तिमा एक वटा वा ५% सम्म बैकल्पिक परियोजनाहरु सहित) स्वीकृतिको लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्नेछ।

८. प्रस्ताव छनौट तथा समझौताः (१) मुल्यांकन समितिले सिफारिस साथ पेश गरेको छनौट सुचि कार्यालय प्रमुखद्वारा स्वीकृत हुनेछ।

शैलेन्द्र प्रसाद साह

(२) प्रस्ताव साथ पेश भएको लागत अनुमान कृषि इन्जिनियर/ओभरसियर वा मेकानिकल ईन्जिनियर/ओभरसियरवाट पुनरावलोकन (प्रस्तावकको साझेदारी रकम नघट्ने गरी) गरी कार्यालय प्रमुखले स्वीकृत गरी कार्य संचालन गर्ने। लागत अनुमानमा साझेदारको सहभागिता वापत व्यहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम समेत समाबेश गर्नु पर्नेछ।

(३) आवेदन फारममा आवेदकवाट लागत सहभागीता उल्लेख भएको आवेदनहरुको सहभागीता हुने अंकको आधारमा वर्गिकरण गरी छुट्याउने र बढी लागत सहभागीता उल्लेख भएका आवेदनहरुको छनौट पहिले गरी बचत हुने स्थानमा मात्र क्रमशः सहभागीता प्रतिशतको आधारमा अन्य प्रस्तावहरु छनौट गर्ने।

(४) छनौटमा परेका प्रस्तावकले Custom Hiring Centre स्थापना र संचालन तथा व्यवस्थापनका लागि अनुसुची १ अनुसारका सदस्यहरु रहने गरी एउटा संचालक समिति गठन गरी Custom Hiring Centre स्थापनाको लागि अनुदान मांग गर्ने सम्वन्धमा निर्णय गरे पछि मात्र सम्झौता गर्नु पर्नेछ।

(५) छनौट भएका प्रस्तवकहरु संग १५ दिन भित्र कायदिश सहितको सम्झौता गर्नु पर्नेछ ।

(६) समयसीमा भित्र सम्झौता गर्न नआउने वा सम्झौता गरी समयमा काम शुरु नगर्ने अनुदानग्राहीको सम्झौता रद्द गरी बैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम संचालन गर्न सकिनेछ।

(७) छनौट भएका प्रस्तावकसंग लगानी सहभागीता सम्बन्धमा छलफल गरी साझेदारहरुको कार्य जिम्मेवारी तथा लागत अनुमानमा लगानी अंश (साझेदारको अंश न्यूनतम २५ प्रतिशत तथा कार्यालयको अनुदान अधिकतम ७५ प्रतिशत) समेतको स्पष्ट बाँडफाँड गरी सम्झौता गर्नुपर्नेछ ।

(८) कस्टम हायरीङ्ग सेन्टरका यन्त्र उपकरणको मर्मत सम्भार, सुरक्षा र सदुपयोगको सम्पूर्ण दायित्व अनुदानग्राहीको हुने भन्ने शर्त सम्झौता-पत्रमा उल्लेख गर्नु पर्नेछ ।

(९) कस्टम हायरीङ्ग सेन्टर स्थापना र संचालन कार्यक्रममा अनुसुची २ वमोजिमका यन्त्र, उपकरण तथा सेड लगायतका भौतिक पूर्वाधारहरुमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६ बमोजिम अनुदान प्रवाह हुनेछ।

९. **कृषि यन्त्र उपकरणको आपूर्तिका लागि सुचिकृत गर्ने सम्बन्धित प्रस्ताव आव्हानः** (१) सम्बन्धित कार्यालयले तयार गरेको प्राविधिक स्पेशिफिकेसन बमोजिमको कृषि यन्त्र उपकरण आपूर्ति गर्न शिलबन्दी आवेदन आव्हान गरी ईच्छुक आपूर्तिकर्ताबाट यन्त्र उपकरणहरुको क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेशिफिकेसन उल्लेख गरी आवश्यक कागजातहरु सहित सिलबन्दी प्रति इकाई मुल्य पेश गर्न कम्तिमा पन्द्रह दिने म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वान गर्नेछ।

(२) सम्बन्धित कार्यालयले स्वीकृत गरेको प्राविधिक स्पेशिफिकेसन आपुर्तिक्रर्तालाई उपलब्ध गराउनेछ र आपुर्तिकर्तालि सोहि बमोजिमको कृषि यन्त्र उपकरण प्रस्ताव गर्नु पर्नेछ।

१०. **छनौट समिति र छनौटका आधारहरुः** (१) कार्यालयले **आपुर्तिकर्तावाट** प्राप्त प्रस्तावहरुको अध्ययन विश्लेषण, मुल्याङ्कन तथा छनौट दफा ७ को उपदफा (१) बमोजिमको समितिले गर्नेछ ।

(२) छनौट समितिको काम,कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ।

(क) म्याद भित्र दर्ता भएका सिलबन्दी प्रस्तावहरु खोल्ने ।

(ख) आपूर्तिकर्ता तथा कृषि यन्त्र, उपकरणको छनौट गर्ने ।

(ग) छनौट भएका आपूर्तिकर्ताले अनुसूची २ अनुसार प्रस्ताव गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type) , क्षमता (Capacity), मोडल (Model), ब्राण्ड (Brand) र अन्य



शैलेन्द्र प्रसाद साह
मन्त्री

स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समुहकृत गरी उक्त समुहमा परेको न्युनतम मूल्य (Lower Rate) लाई आधारमानी अनुदान रकम तोक्ने

(घ) समितिले आवश्यकता अनुसार थप मापदण्डहरु निर्धारण गर्न सक्नेछ।

११. **आवधिक अनुगमन, पृष्ठपोषण तथा नियमनः** (१) मन्त्रालय/ निर्देशनालय/कार्यालयको अनुगमन टोलीद्वारा कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमन गरिनेछ। यस क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरु बारे सम्बन्धित पक्षलाइ समयमै जानकारी गराउनु पर्नेछ। अनुगमन सुपरिवेक्षणवाट आएका सुझाव तथा निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तब्य हुनेछ ।

(२) कार्यालयले अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र, उपकरणहरु र छनौट भएका आपूर्तिकर्ताहरुको नामावली उपलब्ध हुने व स्थान र अनुदान रकम आदि विवरणहरु आफ्नो सुचना पाटिमा टांस गर्ने तथा मातहतका कार्यालयहरुलाई समेत सोको जानकारी दिनेछ।

१२. कार्य सम्पन्न प्रतिवेदन र भुक्तानी: Custom Hiring Centre स्थापना भएको जानकारी गराए पछि कार्यालयले सोको स्थलगत निरीक्षण गराई कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरी कृषि क्षेत्र अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम भुक्तानी दिईनेछ ।

१३. मोबाइल एपसमा आधारित Hello Tractor कार्यक्रम संचालनः (१) मोबाइल एपसमा आधारित Hello Tractor कार्यक्रमको संचालन समेत यसै प्राविधिक मापदण्ड तथा सचालन विधि बमोजिम गर्न सकिनेछ। सोको लागि कार्यालयले हेलो ट्याक्टर मोबाईल एप तयार गरिनेछ।

(२) यस कार्यक्रमा सहभागि हुन ईच्छुक निजी (व्यक्ति वा संस्था) वा सहकारी संस्थाका टयाकटर लगायतका कृषि यन्त्र, उपकरणहरुका धनीहरुले तोकिएका सुलभ शर्त र सहुलियतपूर्ण भाडादरमा उपलब्ध गराउन कार्यक्रम संचलन गर्ने कार्यलयद्वारा तोकिएको ढांचामा छानिएका कस्टम हायरिङ्ग सेन्टर वा Hello Tractor सेन्टर संचालक संग सम्झौता गरि सोही बमोजिम सेवा प्रदान गर्न सक्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

डा. शैलेन्द्र प्रसाद साह

फारम नं १

स्थानिय तह सहकारीको सहकार्यमा कृषि यान्त्रिकरण प्रर्वद्धनको लागी कस्टम हाइरिग सेन्टर स्थापना सम्बन्धी आयोजना प्रस्ताब फारम

क. प्रस्तावकको विवरण

१. प्रस्ताव पेश गरेको कार्यालयः श्री कृषि विकास निर्देशनालयधनुषा। ,नक्टाझिज ,

२. प्रस्तावको नाम :

सम्पर्क टेलिफोन नं.मोवाईल नं/.

ईमेल

३. प्रस्तावको किसिमः )√( चिन्ह लगाउने।

३.१. सहकारी संस्था

३.२. कृषि जनय उधोग

३.३. स्थानिय तह

४. ठेगानाः जिल्ला गा पाम ना पा वडा नं /उ ना पा/ना पा/

टोल

५. प्रस्तावक संस्थाको दर्ता प्रमाणपत्र नं दर्ता भएको निकाय :

भ्याट.पान दर्ता नं / दर्ता मितिः

ख आयोजनाको विवरण .

१. निर्देशनालय संग माग गरेको (साझेदारी वाहेको) (अक्षरेपी रु. .रु .रकमः ने )

२. कस्टम हाइरिग सेन्टर निर्माण स्थलको विवरण

२.१. प्रस्तावित कस्टम हाइरिग सेन्टर निर्माणको जग्गाको अवस्था

| किता नं र ठेगानाः | जग्गाको स्वामित्वको किसिम निजीकरार/ | जग्गाको क्षेत्रफल (कठ्ठा) | कोठापर्खालको /तारवार/ अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

२.२. जिल्ला सदरमुकाम देखिको दुरी (.मि.कि)

२.३. नजिकको कस्टम हाइरिग सेन्टरको नाम र दुरी (.मि.कि)

२.४. कस्टम हाइरिग सेन्टर निर्माण स्थलको जिपिएस कोडः अक्षांस देशान्तर

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

मा. शैलेन्द्र प्रसाद साह मन्त्री

२.५. यस भन्दा पहिले यस क्षेत्रमा कस्टम हाइरिग सेन्टर लागि अनुदान प्राप्त भएको छ छैनः

अनुदान प्राप्त भएको छ भने सोको बिवरण :

| अनुदान प्राप्त गरेको बर्ष | के को लागि प्राप्त भएको | कति रकम | कुन संस्थाबाट प्राप्त भएको |
|---|---|---|---|
| | | | |

३. कस्टम हाइरिग सेन्टर निमाण भए पछि सेवा दिनेको घरधुरी सख्या

| पुरुष | महिला | दलित | जनजाती | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

४. कस्टम हाइरिग सेन्टर स्थापनाको लागी चाहिने यन्त्र उपकरणको विवरण/

| यन्त्र को किसिमउपकरण/ | स्पेसिफिकेसन | संख्या | इकाई मूल्य रु. | अनुमानित कुल रकम रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | | |

६. यस कस्टम हाइरिग सेन्टर निर्माणको लागि यो प्रस्ताव पत्र साथ संलग्न लागत अनुमान अनुसार यस आयोजनाको कुल लागत

रु को .प्रतिशतले हुन आउने रु .अक्षरेपी .

बराबरका साझेदारी रकम हामी प्रस्तावकले बेहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिबद्धता जाहेर गर्दछु । उक्त रकम देहायका श्रोतबाट प्राप्त हुनेछ।

क(

(ख

ग) संलग्न कागजातहरुः .संलग्न भएका कागजातहरुको हकमा आवेदक ले )√(चिन्ह लगाउने(

| )√चिन्ह ( लगाउने | संलग्न कागजातहर . | कार्यालयले रुजु गर्ने प्रयोजनको लागि मात्र |
|---|---|---|
| | रु.१०।को हुलाक टिकट टाँस गरेको - प्रस्ताब पत्र। | |
| | दर्तापीनविकरण गरेको प्रमाण पत्र को प्रतिलि / | |
| | स्थायी लेखा नंको प्रतिलिपी (पान) . | |
| | संस्थाको हकमा पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी | |
| | लेखा परिक्षण प्रतिबेदन | |
| | कर चुक्ता प्रमाणित प्रतिलिपी | |
| | मूल्य अभिबृद्दि कर समायोजन प्रमाणित प्रतिलिपी | |
| | कस्टम हाइरिग सेन्टरको लागी चाहिने उपकरणको लागत अनुमान । | |
| | कस्टम हाइरिग सेन्टर निमाणको लागी चाहिने जगगाको लालपूर्जाको प्रतिलिपी र सधियारहरुको स्वीकृतनामा | |
| | कस्टम हाइरिग सेन्टर निर्माण गर्न स्थानिय निकायको सिफारिश पत्र । | |
| | स्थानिय तहको हकमा अनुदान माग गरेको अधिकारिक निणयको प्रतिलीपी ।. | |
| | स्थानियउधोगको हकमा अवेदन दिने आधिकारिक व्यक्तिको /सहकारी/ अख्तियारी पत्र | |
| | पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी | |
| | पदाधिकारीहरुको हाल साल खिचेको प्रष्ट फोटोर तिन पुस्ते .सम्पर्क नं , विवरण । | |
| | सम्बन्धित कृषि ज्ञान केन्द्र वा स्थानिय तहवाट प्रस्तावित स्थलमा कस्टम हाइरिग सेन्टर निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सिफारिश पत्र । | |

| | |
|---|---|
| यस कार्यक्रमको उद्देश्य संग हाम्रो कुनै प्रकारले स्वार्थ बाझिने अवस्था रहेको छैन । हामीले अनुदान प्राप्त गर्न कार्यालयमा कुनै प्रकारले पहुच, प्रभाव पार्न खोज्ने छैन। सो गरेको पाईएमा कार्यालयले आवेदन रद्द गर्न सक्ने कुरामा हाम्रो पूर्ण मञ्जुरी रहेको छ। यसमा उल्लेख गरेको विवरण सत्य सांचो हो, झुठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।<br><br>आवेदकको सही :<br>आवेदकको नाम र पदः<br>ठेगानाः<br><br>फार्म संस्थाको छाप | रुजु गर्नेको सही :<br><br>रुजु गर्नेको नाम र पद :<br><br>**कार्यालयको नाम :** |

घराजमार्ग वाट परियोजना स्थल सम्म पुग्ने नक्सा .

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

अनुसुची १

## संचालक समितिको सम्बन्धी व्यवस्था

**कस्टम हायरीङ्ग सेन्टंर संचालक समितिः** (१) कस्टम हायरीङ्ग सेन्टर स्थापना र संचालन तथा व्यवस्थापनका लागि देहाय अनुसारका सदस्यहरु रहने गरी ५ (पाँच) सदस्यीय एउटा संचालक समिति गठन गर्नुपर्नेछ । संचालक समितिको काम, कर्तव्य, अधिकार र जिम्मेबारी देहाय बमोजिम हुनेछ ।

(क) प्रस्तावक संस्थाले तोकेको अधिकृत/पदाधिकारी – संयोजक ।

(ख) कमाण्ड क्षेत्रमा वाली विशेष उत्पादन गर्ने कृषकहरुको संस्थाको प्रतिनिधि– उप-संयोजक।

(ग) सम्बन्धित कृषि ज्ञान केन्द्रले तोकेको अधिकृत – सदस्य।

(घ) कमाण्ड क्षेत्रमा वाली विशेष उत्पादन गर्ने अनुभवी व्यवसायिक कृषक – सदस्य

(ङ) प्रस्तावक संस्थाले तोकेको प्राविधिक अधिकृत – सदस्य-सचिव

(२) यस केन्द्रको मूख्य संरक्षक सम्बन्धित पालिकाको प्रमुख र सह-संरक्षक सम्बन्धित कृषि ज्ञान केन्द्र प्रमुख हुनेछ ।

(३) कृषि ज्ञान केन्द्रका प्रमुख एवं प्रतिनिधि, प्रदेशस्तरिय कृषि विकास निर्देशनालय प्रमुख तथा प्रतिनिधिहरु संचालक समितिका सल्लाहकारका रुपमा रहनेछन् ।

**संचालक समितिको बैठक सम्बन्धी व्यवस्थाः** कस्टम हाईरिंग सेन्टर संचालक समितिको बैठक सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक सामान्यतयाः महिनाको एक पटक नियमित वा आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सकिनेछ ।

(ख) समितिको नियमित बैठक बाहेक संयोजकले तोकेको मिति, समय र स्थानमा बैठक वस्नेछ ।

(ग) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत वा सोभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उप-संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(च) समितिको बैठकको निर्णय लेख्ने तथा प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवले गर्नेछ ।

(छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**संचालक समितिको काम, कर्तव्य र अधिकारः** कस्टम हाईरिंग सेन्टर संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ –

(क) मौज्दातमा रहेका सम्पूर्ण कृषि औजार यन्त्र उपकरणहरुको विवरण अध्यावधिक गरी राख्नु पर्ने,

(ख) भाडामा लगाउन सकिने कृषि औजार यन्त्र उपकरणहरुको छुटै विवरण पनि तयार पारि चालु अवस्थामा रहेको वा मर्मत गर्नु पर्ने के हो खुलाई राख्नु पर्ने,

(ग) भाडामा लगाउन सकिने तथा चालु अवस्थामा रहेको प्रत्येक कृषि औजार यन्त्र उपकरणको भाडा दर (रु. प्रति घण्टा वा प्रतिदिन वा प्रति इकाई क्षेत्रफल) आवश्यकता अनुसार छुट्टा छुटै तोक्नु पर्ने,

प्रदेश सरकार

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

(घ) भाडा दर तोक्दा सम्बन्धित औजार यन्त्र उपकरणको संचालन खर्च विश्लेषण ( Operating cost analysis) गरी लागत मूल्य, कार्य क्षमता, इन्धन खपत, ठाउँ विशेष, यन्त्रको किसिम र दूरी अनुसार प्रचलित दंररेट, मर्मतको आवश्यकता र लागत, ह्रास कट्टी, त्यसले दिने प्रतिफल र स्थानीयस्तरको चलनचल्तीको भाडादरलाई आधारमानी सामान्यतया २०%सम्म मात्र नाफा जोडेर तोक्ने, तर यसरी तोकिने भाडादर चलनचल्तीको भाडादर भन्दा बढी हुनु नहुने,

(ङ) आफ्नो पालिका भन्दा बाहिर भाडामा दिनु परेमा भाडादरमा केही फरक हुन सक्नेछ तर यस्तो फरक २०% भन्दा बढी गर्न पाईने छैन,

(च) भाडामा उपलब्ध गराईने कृषि औजार यन्त्र उपकरणहरु सम्भव भएसम्म कृषकहरुलाई समयमै उपलब्ध हुने व्यवस्था मिलाउने,

(छ) कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरु गर्ने कर्मचारीहरुको व्यवस्था मिलाउने,

(ज) भाडामा उपलब्ध गराईने कृषि औजार यन्त्र उपकरणहरुको कसैले हिनामिना वा दुरुपयोग गरेमा तिराउनु पर्ने हर्जाना तोक्ने र तिराउन लगाउने,

(झ) सुव्यवस्थित रुपमा केन्द्र संचालन गर्न समितिले आन्तरिक आचारसंहिता (**Code of Conduct**) आवश्यक भएमा तयार गरी पालना गर्ने र गराउने । आचार संहिता बनाउँदा मन्त्रालयको सुझाव र स्वीकृती अनिवार्य रुपमा लिने।

(ञ) संचालक समितिले तोकिएको मापदण्ड अनुसार सहकार्य गर्ने स्थानीय तह/सहकारीको सिफारिशमा मन्त्रालयको राय समेत लिएर एक जना केन्द्र व्यवस्थापक, एक जना लेखा राख्ने कर्मचारी, तीन जना केन्द्रको सूरक्षाको लागि पालोपहरामा बस्ने कर्मचारी र आवश्यकता अनुसार सवारी चालकहरु नियुक्त गर्ने।

(ट) तोकिएका मापदण्डहरुको आधारमा केन्द्र व्यवस्थापक नियुक्त गर्ने ।

(ठ) केन्द्र व्यवस्थापकको काम, कर्तव्य, अधिकार र जिम्मेबारी निर्धारण गर्ने ।

(ड) मन्त्रालय, निर्देशनालय स्थानीय तह, जिल्ला तथा स्थानीय तह स्थित सरकारी कार्यालयहरु, कृषक समुह, कृषि सहकारी संस्थाहरु, कृषि फर्म/उद्यमीहरु र अन्य सोरोकारबालाहरु बीच समन्वय कायम गर्ने ।

(ढ) केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्न आधारहरु तयार गर्ने र संचालन प्रकृया सरल र सहज बनाउने।

(ण) समिति मार्फत संचालन गरिने आर्थिक कारोबारको लेखा व्यवस्थापन तथा लेखा परीक्षण गराउने ।

(त) केन्द्र निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने ।

(थ) संचालक समितिले देहायका योग्यताको आधारमा एक व्यवस्थापक नियुक्त गर्नेछ ।

(१) कम्तिमा प्रविणता प्रमाण-पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,

(२) संस्था व्यवस्थापन कार्यमा न्यूनतम ३ बर्ष अनुभव भएको,

(३) २१ बर्ष उमेर पुगेको,

(४) समन्वय क्षमता उच्च रहेको,

(५) स्थानीय भाषा बोलचाल गर्न सक्ने,

(६) कुनै राजनीतिक दलको सांगठनिक पदमा नरहेको,

(७) सरकारी वा कुनै संगठित संस्थाको बहालवाला कर्मचारी नरहेको,

(८) नैतिक पतन, आर्थिक अपचलन वा कुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको र

(९) मानसिक अवस्था सामान्य रहेको ।

(द) कृषि यन्त्र केन्द्रको संचालन, व्यवस्थापन र सुरक्षाको सम्पूर्ण व्यवस्था सेवा प्रदायक संस्था, केन्द्र संचालक समिति र केन्द्र व्यवस्थापकको हुने ।

(ध) सम्बन्धित सेवा प्रदायक संस्थाहरुले आम्दानी र खर्चको फाँटबारीको साथै उपलब्धी, समस्या, चुनौती, समाधानका उपायहरु र सामाधान गर्न गरिएका प्रयासहरुको विवरण मासिक रुपमा मन्त्रालयमा प्रत्येक महिनाको ७ गते भित्र अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने । त्यस्तै चौमासिक र बार्षिक प्रगति विवरण पनि समयमै उपलब्ध गराउने।

(न) कृषि औजार यन्त्र उपकरणहरु भाडामा लगाउने तथा मर्मत गर्ने लगायतका अन्य कुरा सम्बन्धित कस्टम हाईरिंग सेन्टर संचालक समितिले निर्णय गरे अनुसार हुने।

(प) केन्द्र व्यवस्थापक, लेखा राख्ने कर्मचारी, यन्त्र चालकहरु र पालेहरुको पारिश्रमिक आम्दानी तथा खर्चको अनुपातमा प्रचलित कानून बमोजीम संचालक समितिले निर्धारण गर्ने ।

(फ) कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन सम्बन्धि अन्य आवश्यक कार्यहरु तथा निर्णयहरु गर्ने।

(ब) संचालक समितीले सेवा माग गर्ने तथा सेवा प्रवाह गरेको सेवाग्राही कृषकको स्पष्ट अभिलेख राख्ने ब्यवस्था गर्नेछ। साथै आय ब्ययको लेखा प्रचलित कानून बमोजिम राखी नियमित लेखा परिक्षण गराउनु पर्नेछ।

(भ) कस्टम हायरिंग सेन्टर स्थापना तथा संचालन भएपछी यसको आय ब्यय तथा हिसाबको लागी यसको आफनै बैंक खाता मार्फत आर्थिक कारोवार हुनेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

डा. शैलेन्द्र प्रसाद साह
मन्त्री

अनुसुची २

कस्टम हायरीङ्ग सेन्टरको लागि अनुदानमा उपलब्ध गराउन सकिने औजार यन्त्र उपकरणहरुको सुची

| क्र | कृषि औजार यन्त्र उपकरणहरुको नाम | स्पेसिफिकेसन | कैफियत |
|---|---|---|---|
| १. | चार पांग्रे ट्रयाक्टर | ३५ एच.पी. वा सो भन्दा माथि | |
| २. | पावर टिलर | अधिकतम २२ एच.पी. सम्म मात्र | |
| ३. | मिनी टिलर | अधिकतम ९ एच.पी.सम्म मात्र | |
| ४. | लेजर ल्याण्ड लेभलर | | |
| ५. | राईस ट्रान्सप्लान्टर (राईडिंग वा वाक बिहाईण्ड | डिजल वा पेट्रोलबाट चल्ने | |
| ६. | रोटाभेटर | एस वा सी टाईपको फाली | |
| ७. | सिड कम फर्टिलाइजर ड्रिल | मल र बीउ राख्ने छुट्टै बाकस भएको | |
| ८. | बीउ र फर्टिलाइजर ब्रोडकास्टर वा स्प्रेडर | | |
| ९. | डिस्क हैरो | | |
| १०. | हिलो चक्का वा एन्टी स्किड व्हील | | |
| ११. | एन्टी स्किड व्हील कनेक्टर वा हब कनेक्टर | | |
| १२. | रिजर वा बण्ड फर्मर | | |
| १३. | ट्रेन्चर | ट्याक्टरबाट चल्ने | |
| १४. | पोटेटो प्लान्टर | ट्रयाक्टर वा पावर टिलरबाट चल्ने | |
| १५. | ज्याब प्लान्टर (मकै लगाउने हाते मेशिन, कोशे | | |
| १६. | वीडर (घाँस गोड्ने) | | |
| १७. | पावर स्प्रेयर वा बूम स्प्रेयर | पेट्रोल इन्जिन वा ब्याट्रीबाट चल्ने | |
| १८. | रिपर मेशिन | | |
| १९. | पोटेटो डिगर | ट्रयाक्टर वा पावर टिलरबाट चल्ने | |
| २०. | मल्टीक्रप थ्रेशर | | |
| २१. | मेज वा कोर्न सेलर | ईलेक्ट्रिकल वा हाते | |
| २२. | पोटेटो ग्रेडर | | |
| २३. | बोरा सिलाउने मेशिन | | |
| २४. | बताउने पंखा | | |
| २५. | ट्रली | | |
| २६. | कम्बाईंन हार्भेष्टर | | |
| २७. | सुगरकेन प्लान्टर | | |
| २८. | सुगरकेन हार्भेष्टर | | |
| २९. | अन्य केही भएमा उपभोक्ताले पेश गर्ने | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

अनुसुची ३

## कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रमको प्रस्ताव मूल्यांकन फारमको ढाँचा

| क.सं. | मूल्यांकनका आधार वा मापदण्ड | पूर्णाङ्क | प्रस्ताव मूल्यांकन (कागजात,प्रमाण संलग्न रहेको/नरहेको) | स्थलगत अनुगमन (आधार/मापदण्ड बमोजिम देखिएको/नदेखिएको) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जग्गा | २० | | | | |
| १.१ | प्रस्तावित जग्गाको स्वामित्व-४ अंक<br>क. प्रस्तावकको आफ्नो/निजी, वा भोगाधिकार प्राप्त रहेको–४ अंक<br>ख. १५ वर्ष वा सो भन्दा अवधिको लिज/भाडा) –३ अंक | | | | | |
| १.२ | जग्गाको क्षेत्रफल-४ अंक<br>क. १५ कट्ठा भन्दा बढी–४ अंक<br>ख. न्यूनतम ५ कट्ठा–३ अंक | | | | | |
| १.३ | थप जग्गा प्राप्त हुने सम्भावना: -४ अंक<br>क. सुनिश्चित रहेको (कागजात, प्रमाण भए– ४ अंक, नभए–० अंक<br>ख. सम्भावना न्यून वा अनिश्चित रहेको–३ अंक | | | | | |
| १.४ | Custom Hiring Center रहने स्थानको अवस्थिती:-४ अंक<br>क. वस्तीको मा–४ अंक<br>ख. बस्ती बाहिर–३ अंक | | | | | |
| १.५ | Custom Hiring Center रहने स्थानमा सडक र विद्युतको पहुँच:-४ अंक<br>क. सडकको पहुँच: (भएको वा एक वर्ष भित्र पहुँच हुन सक्न –२ अंक/नभएको–० अंक;<br>ख. विद्युतको पहुँच: (भएका वा एक वर्ष भित्र पहुच हुन सक्ने–२ अंक/नभएको–० अंक; | | | | | |
| २. | केन्द्रको सुरक्षा प्रवन्ध (पर्खाल/वार बन्देज) | ५ | | | | |
| | क. घेरावेरा रहेको: (पक्की पर्खाल-५ अंक,<br>ख. अस्थाइ घेरावेरा-४ अंक)<br>ग. हाललाई अन्य प्रवन्ध नभएको/प्रदेश सरकार वा अन्य | | | | | |



शैलेन्द्र प्रसाद साह
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | साझेदार/सहयोगी निकायसमक्ष नै प्रस्ताव गरिएको-३ अंक | | | | | |
| ३ | भौतिक पूर्वाधार | १० | | | | |
| ३.१ | क. केन्द्रको लागि भौतिक संरचना विद्यमान रहेको ( सेड/सटर/भवन, चौकीदार कोठा, शौचालय, खानेपानी व्यवस्था, अन्य सुविधा:...)- पूर्वाधारहरुको उपलब्धता बमोजिम न ६ देखि १० अंक सम्म<br>ख. हाललाई अन्य प्रवन्ध नभएको/प्रदेश सरकार वा अन्य साझेदार/सहयोगी निकायसमक्ष नैं प्रस्ताव गरिएको- ५ अंक | | | | | |
| ४. | **संचालन दक्षता:** (मेशिनरी संचालन र मर्मत सम्भारको लागि दक्ष जनशक्ति, सुविधाको उपलब्धता)<br>क. प्रस्तावक संस्था सँगै उपलब्ध रहेको/रहने-१० अंक<br>ख. स्थानिय स्तरमा उपलब्ध-७.५ अंक<br>ग. नजिकको शहर बजार/सदरमुकाममा उपलब्ध-५ अंक<br>घ. जिल्ला बाहिर उपलब्ध-२.५ अंक | १० | | | | |
| ५. | **लगानी प्रतिवद्धता:** .<br>तोकिएको लागत साझेदारी अंश बमोजिमका प्रस्ताव–१० अंक, प्रस्तावकको साझेदारी अंशको न्यूनतम सीमाभन्दा माथि प्रस्तावित प्रत्येक १% थप साझेदारी रकमको लागि थप १ अंकका दरले | २० | | | | |
| ६. | **लक्षित लाभगाही:**<br>(प्रस्तावक संख्या सदस्य/स्थानिय कृषक मात्र–८ अंक, गैर–सदस्य/अन्य क्षेत्रका कृषक समेत–१० अंक) | १० | | | | |
| ७. | **साझेदारी, सहकार्य:**<br>(एकल संस्था/निकाय–४ अंक, दुई वा दुई भन्दा बढी संस्था/निकाय–५ अंक) | ५ | | | | |

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री



प्रदेश सरकार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | दिगोपना* :<br>क. लगानी व्यवस्थापन(शुरुआती साझेदारी रकम र व्यवस्थापन योजना संचालन खर्च–४ अंक सम्म)<br>ख. भाडा निर्धारण र संकलन प्रकृया तथा सेवा प्रवाह र प्राथमिकता निर्धारणको/विधि/प्रकृया/आधार–४ अंक सम्म<br>ग. जनशक्ति व्यवस्था सहितको केन्द्र संचालन कार्ययोजना र कार्यविधि तयारी (भएको–४ अंक/हुँदै गरेको–३ अंक/पछि गरिने–२ अंक, उल्लेख नभएको–० अंक)<br>घ. केन्द्र संचालन/यान्त्रिककरण सम्बन्धि पूर्व अनुभव:अध्ययन/जानकारी-भएको–४ अंक सम्म वा<br>ङ. अन्य सान्दार्भिक विवरण / योजना–४ अंक सम्म | २० | | | | |
| | जम्मा | १०० | | | | |

मूल्यांकनकर्ताहरु:

१. नाम:.................................................. पद:.................................. सहि:..........................

२. नाम:.................................................. पद:.................................. सहि:..........................

३. नाम:.................................................. पद:.................................. सहि:..........................

मितिः-

---

*प्रस्ताव अध्ययन र स्थलगत अनुगमनका क्रममा प्रस्तावक सँग प्राप्त जानकारी, विवरण समेतका आधारमा अंक प्रदान गरिने ।



मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

प्रदेश सरकार